# भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभा

## २०७९ माघ २३ गते, सोमबार (पहिलो दिन)

१) भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञश्री नारायणमान बिजुक्छें (रोहित) ज्यूको प्रमुख आतिथ्यमा ख्वप ईन्जिनियरिङ्ग कलेजको प्रांगणमा पानसमा दिप प्रज्वलन गरीउद्घाटन कार्यक्रम गरी सम्पन्न गरियो ।

२. भक्तपुर नगरपालिकाका प्रमुख सुनिल **प्रजापति**ज्यूको सभापतित्वमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छें, उपप्रमुख श्री रजनी जोशी, प्रमुख जिल्ला अधिकारी श्री खगेन्द्र प्रसाद रिजाल, भक्तपुर क्यान्सर अस्पतालको निर्देशक डा. विष्णुदत्त पौडेल, प्राचार्य श्री सुजन माक, प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरीर ९ नं. वडाका वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वलेबोल्नु भएको थियो ।

३. तेह्रौं नगर सभाको उद्घाटन समारोह पश्चात् सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा नगर सभाको बैठक बस्यो । बैठकमा उद्घाटन समारोह सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने प्रमुख अतिथि, अतिथि गणलगायत उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन प्रस्ताव सभामा पेश गर्नु भयो ।उक्त धन्यवाद प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो ।

४. सभाको अर्को बैठक २०७९ माघ २५ गते बुधबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु हुंदै नगर सभाको पहिलो दिनको बैठक सकिएको जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको तेह्रौं नगर सभा (दोश्रो दिन)**
**२०७९ माघ २५ गते, बुधबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट तेह्रौं नगर सभाको दोश्रो दिनको बैठक शुरु गर्नु हुँदै कार्यसूचिमा विशेष समयको व्यवस्था गरेको र विशेष समयमा बोल्न चाहनु हुने सभासदहरुले नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. विशेष समयमा बोल्नु हुँदै **सभासद श्री श्याम सुन्दर माताः**ले नेपाल क्रान्तिकारी किसान संघको केन्द्रीय सम्मेलनको सफलताको प्रस्ताव, रासायनिक मल सहज उपलब्ध गराउन ध्यानाकर्षण प्रस्ताव पेश गर्नुपर्ने, नगर निरीक्षकहरुको कार्यालय समय मिलाउनु पर्ने, देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको आवास योजनाको ज.ध.प्र. पुर्जा फिर्ता प्रक्रिया रोकिनुको कारण प्रष्ट पार्नुपर्ने, भ.न.पा. २ स्थित बालउद्यान बालबालिकाको समय उपयुक्त हुने किसिमले खोल्नु पर्ने, भ.न.पा. २, सल्लाघारीमा निर्माणाधीन उपचार पोखरी तत्काल निर्माण सम्पन्न गराउन आवश्यक पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

३. विशेष समयमा बोल्नु हुँदै **सभासद श्री सूर्य प्रसाद श्रेष्ठ**ले पार्टी स्थापना दिवसको शुभकामना र नेपाल क्रान्तिकारी किसान संघको राष्ट्रिय सम्मेलनको पूर्ण सफलताको कामना गर्नु हुंदै किसानहरुको लागि पर्याप्त रासायनिक मल उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनु पर्ने, कृषि उत्पादनको उचित मूल्य प्राप्त गराउन आवश्यक पहल गर्नुपर्ने, भक्तपुर औद्योगिक क्षेत्र स्थानान्तरणको लागि सरकारलाई घच्घच्याउनु पर्ने, हनुमन्ते खोला सुधारको लागि रिटेनिङ्ग वाल लगाउन पहल गर्नुपर्ने, प्रदेश र संघ सरकारको अनुदानमा ठेक्कामा संचालित योजनाहरुको नियमित प्राविधिक निरीक्षणको व्यवस्था मिलाउनु पर्ने र भ.न.पा. १ स्थित सिद्ध पोखरीको बिग्रिएको खुड्किलाहरु तत्काल मिलाउनु पर्ने विचार राख्नु भयो ।

४. **सभासद श्री राम सुन्दर बासी**ले छलफल भाग लिनु हुंदै west minister system (पश्चिमेली राज्य प्रणाली) अन्तर्गत राज्य संचालन र प्रतिपक्षको भूमिका विषयमा चर्चा गर्नुभयो ।

५. विशेष समयमा बोल्नु हुँदै **सभासद श्री इन्द्रबहादुर प्याथले** मिति २०७९।१०।२७ र २८ गते हुने नेपाल क्रान्तिकारी किसान संघको राष्ट्रिय सम्मेलनको पूर्ण सफलताको कामना गर्नु हुँदै नागरिकता विधेयकबारे चर्चा गर्नुभयो ।

६. विशेष समयमा बोल्नु हुँदै **सभासद श्री कल्पना सिल्पकारले** भ.न.पा. ७ स्थित हनुमानघाटमा अक्सिजन सिलिन्डरसहित स्वास्थ्यकर्मी व्यवस्था गरी अन्तिम अवस्थाका विरामीहरुलाई उपचारको व्यवस्था मिलाउनु पर्ने, ढल, निकास व्यवस्थापन र खोलाको मापदण्ड मिलाउनु पर्ने र नगर क्षेत्रभित्रका घुमन्ती पसल नियन्त्रण तथा सवारी पार्किङ्ग व्यवस्थित गर्नुपर्ने विचार राख्नु भयो ।

७. **सभासद श्री मन्जुमैया लाखाले** कृषि उत्पादनको उचित मूल्य उपलब्ध गराउन आवश्यक पहल गर्नुपर्ने, कृषकहरुको समस्या समाधान गर्नुपर्ने, भक्तपुर दरवार क्षेत्रलगायत सम्पदा क्षेत्रहरुमा बत्तीको व्यवस्था गर्नुपर्ने, भ.न.पा. २, व्यासीस्थित शहरी स्वास्थ्य केन्द्रमा आवश्यक स्वास्थ्य उपकरण तथा औषधि व्यवस्था गरी स्तरोन्नती गर्नुपर्ने र पर्यटक काउण्टरहरु व्यवस्था गरेका नगर प्रवेश द्वारहरुमा सी.सी. क्यामेरा व्यवस्था गरी चुहावत नियन्त्रण गर्नुपर्ने धारणा राख्नु भयो ।

८. **सभासद श्री तारादेवी शाक्यले** छलफल भाग लिनु हुंदै भ.न.पा.१० वडाका विभिन्न पेशामा कार्यरत महिलाहरुलाई सहुलियत पुग्ने गरी भ.न.पा. १० मा पनि शिशु स्याहार संचालन गर्नुपर्ने, ब्रम्हचारणी आधारभूत विद्यालयको लागि भ.न.पा. १०, कमलविनायक क्षेत्रमा रहेको पर्ति जग्गामा विद्यालय भवन निर्माण गर्न पहल गर्नुपर्ने, भ.न.पा. १० स्थित विस्तारित नगर क्षेत्रमा फोहर संकलन र विकास निर्माणको कार्य अगाडि बढाउनु पर्ने सुझाव दिनु भयो ।

९. **सभासद श्री कृष्ण गोपाल चौगुठीले** छलफलमा भाग लिनु हुंदै नेपाल क्रान्तिकारी किसान संघको स्थापनाकालदेखि हालसम्म भए गरेका गतिविधिबारे प्रकाश पार्नु हुंदै ने.क्रा.कि.संघको राष्ट्रिय सम्मेलनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१०. **सभासद श्री कृष्णनारायण दुमरुले** विशेष समयको छलफलमा भाग लिनु हुंदै नेपाल क्रान्तिकारी किसान संघको केन्द्रीय सम्मेलनको सफलताको शुभकामना दिनु हुंदै रासायनिक मल समयमा उपलब्ध गराउनु पर्ने, सहकारी संस्थाबाट मल वितरण सहज बनाउनु पर्ने, भ.न.पा. १० को कालिका डेरीदेखि सैंजु डेरी जाने बाटोमा चांगु र भक्तपुर नगरपालिकाको सडक मापदण्ड फरक फरक भएकोले स्थानीय वासिन्दाहरुको धेरै गुनासो भएको जानकारी गराउनु हुंदै सडक मापदण्ड समान बनाउनु पर्ने र नगरका

सवारी साधन धेरै चल्ने बाटोमा फुटपाथ निर्माण गरी सुरक्षा व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

११. **सभासद श्री राजकुमार सिल्पकार**ले रासायनिक मल पर्याप्त मात्रामा व्यवस्था गर्नुपर्ने, बाराही स्थानको मंगल तिर्थको बाटो शीघ्र निर्माण गर्नुपर्ने, हनुमन्ते खोलाको दुवैतिर रिटेनिङ्ग वाल बनाउनु पर्ने, भक्तपुर दरवार क्षेत्रको शौचालय शीघ्र संचालन व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

१२.**सभासद श्री पुरुषोत्तम तमखु**ले कृषकहरुको लागि आवश्यक रासायनिक मल पर्याप्त मात्रामा व्यवस्थाको लागि पहल गर्नुपर्ने, देको मिवा इतापाके जग्ग एकीकरण आयोजनाको ज.ध.प्र. पुर्जा फिर्ता प्रक्रिया शिघ्र संचालन गर्नुपर्ने, सहकारी संस्थाहरुमा भएको पूँजीलाई जनताको आवश्यकता अनुसार परिचालन गर्न आवश्यक कार्यविधि निर्माण गरेर सहकारी संस्थासंग समन्वय गरी पूंजी परिचालन गर्नुपर्ने, नगरको ट्राफिक र पार्किङ्ग व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो ।

१३. **सभासद श्री नारायण प्रसाद त्वानाबासु**ले नेपाल क्रान्तिकारी किसान संघ बारेमा प्रकाश पार्नुभयो ।

१४. **सभासद श्री जितेन्द्र मुनंकर्मी**ले भ.न.पा. वडा नं. १० मा वडा बजेटबाट निर्माण भएको पाटीको सोधभर्ना निकासा छिटो उपलब्ध गराउनु पर्ने, कमलविनायक पोखरी जीर्णोद्धार कार्यको बजेट शीघ्र निकासा गर्नुपर्ने, ईटा छपाईको बजेट शीघ्र निकासा गर्नुपर्ने र भक्तपुर दरवार क्षेत्रलगायत सम्पदा क्षेत्रहरुमा बत्तीको व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१५. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री गोविन्द दुवाल**ले नेपाल क्रान्तिकारी किसान संघको राष्ट्रिय सम्मेलनको पूर्ण सफलताको कामना गर्नु हुंदै टर्की र सिरियामा गएको विनासकारी भूकम्पमा परी दिवंगत भएकाहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै सो सम्बन्धमा शोक प्रस्ताव पारित गर्नुपर्ने विचार राख्नु भयो ।

१६. विशेष समयमा बोल्नु हुने **सभासदले उठाउनु भएको** सहकारी संस्था र आवास योजना सम्बन्धी जिज्ञासाहरु प्रष्ट पार्न सभा अध्यक्ष श्री प्रजापतिले सहकारी अनुगमन समितिका संयोजक श्री हरि प्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो । संयोजक बासुकलाले सभासदहरुले उठाउनु भएको सहकारी संस्था,

आवास योजना, बालउद्यान र खेल मैदान, उपचार पोखरी, भक्तपुर औद्योगिक क्षेत्र स्थानान्तरण, घुम्ती पसल, पार्किङ्ग व्यवस्थापनलगायतका विषयमा प्रष्ट पार्नुभयो ।

१७. विशेष समयमा बोल्नु हुने सभासदले उठाउनु भएको कृषिसम्बन्धी जिज्ञासाहरु प्रष्ट पार्न सभा अध्यक्ष श्री प्रजापतिले कृषि समितिका संयोजक श्री राजकृष्ण गोरालाई समय प्रदान गर्नुभयो । संयोजक गोराले सभासदहरुले उठाउनु भएको रासायनिक मल, कृषि उत्पादनको मूल्य, बिउ विजन, कृषि बजारलगायतका विषयमा प्रष्ट पार्नुभयो ।

१८.विशेष समयमा बोल्नु हुने सभासदले उठाउनु भएकोविकास निर्माण सम्बन्धी जिज्ञासाहरु प्रष्ट पार्न सभा अध्यक्ष श्री प्रजापतिले निर्माण समितिका संयोजक श्री उकेश कवांलाई समय प्रदान गर्नुभयो । संयोजक कवांले सभासदहरुले उठाउनु भएको विकास निर्माण र बाराही पुलको बाटो निर्माण सम्बन्धी सडक बत्ती, दरवार क्षेत्रको शौचालय संचालन र पेश्की फछ्र्यौट लगायतका विषयमा प्रष्ट पार्नुभयो ।

१९. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक २० मिनेटको लागि स्थगित गरेको जानकारी गराउनु भयो ।

२०.सभा अध्यक्ष प्रजापतिले बैठक पुनः संचालन गर्नुहुंदै“भक्तपुर नगरपालिकाको (नगर कार्यपालिका तथा समिति) को बैठक संचालन सम्बन्धी कार्यविधि, २०७९”सभामा पेश गर्न विधायन समितिका संयोजक श्री हरि राम सुवाललाई समय प्रदान गर्नुभयो र संयोजक सुवालले सभामा उक्त कार्यविधि प्रस्तुत गर्नुभयो ।

२१. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभाको अर्को बैठक मिति २०७९माघ२६ गते, विहीबार दिनको १:०० बजे बस्ने जानकारी गराउनुहुंदै आजको बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको एघारौं नगर सभा (तेश्रो दिन)**
**२०७९ माघ २६ गते, बिहीबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट तेह्रौं नगर सभाको तेश्रो दिनको बैठक शुरु गर्नु हुँदै कार्यसूचिमा विशेष समयको व्यवस्था गरेको जानकारी गराउनु भयो र विशेष समयमा बोल्न चाहनु हुने सभासदहरुले नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. विशेष समयमा बोल्नु हुंदै **सभासद श्री राम सुन्दर बासी**ले भ.न.पा. ८ का अस्मिता दुवाल विश्व बक्सिङ्ग च्याम्पियनशीप खेलमा छनौट हुन सफल भएकोमा बधाई ज्ञापन गर्नुभयो ।

३. **सभासद श्री मञ्जु मैया लाखा**ले भक्तपुर नगरपालिकाले गठन गरिएका विभिन्न समितिहरुले गरेका निर्णयहरु कार्यान्वयनको व्यवस्था मिलाउनु पर्ने, मेलम्चीको पानी वितरणको क्रममा भएका चुहावतहरु नियन्त्रण गर्नुपर्ने, भ.न.पा.द्वारा संचालित एस.ई.ई. तयारी परीक्षा संस्थागत र सामुदायिक विद्यालयहरुमा एकै पटक संचालन गर्नुपर्ने, स्थानीय पाठ्यक्रम प्रभावकारी रुपमा लागू गर्न सम्बन्धित शिक्षकहरुलाई अभिमुखीकरण गर्नुपर्ने, स्थानीय पाठ्यक्रम आवश्यक परिमार्जन गर्नुपर्ने, नगर क्षेत्रका विद्यालयहरुमा नियमित शैक्षिक अनुगमन गर्नुपर्ने र घर दैलो नर्सिङ्ग कार्यक्रमलाई अझ प्रभावकारी बनाउनु पर्ने सुझाव दिनु भयो ।

४. **सभासद श्री सुमित्रा बोहजुले** नगरको उत्तर र दक्षिणमा बग्ने खासाङ्ग खुसुङ्ग र हनुमन्ते खोलामा ढल निकास जोडिंदा प्रदुषित भइरहेकोले यसको सुधार गर्नुपर्ने, भ.न.पा. ८ नं. वडा क्षेत्रमा रहेको खानेपानी समस्या समाधान गर्न मेलम्चीको पानी वितरणको व्यवस्था मिलाउनु पर्ने, नगरपालिकाबाट दिइने सीपमूलक र अन्य तालिमहरु व्यवस्थित रुपमा संचालनको लागि तालिम केन्द्र निर्माण गर्नुपर्ने,

सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा विद्यालय भवन व्यवस्था गर्न न.पा.बाट आवश्यक पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

५. **सभासद श्री कल्पना शिल्पकारले** भ.न.पा. १ नयाँ बसपार्क क्षेत्रको सार्वजनिक र निजी जग्गा सिमांकन गर्नुपर्ने, भ.न.पा. १ मा पर्यटक बस पार्क र बहुउद्देश्यीय भवन निर्माण कार्य शीघ्र अगाडि बढाउनु पर्ने धारणा राख्नुभयो ।

६. **सभासद श्री विष्णु केशरी दुवालले** भ.न.पा. वडा नं. ४ मा वडा नर्सबाट स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य केन्द्रको लागि स्थान व्यवस्था गर्नुपर्ने, मंगलतिर्थ पुनः निर्माण गर्नुपर्ने, जनसेवा आ.मा.वि. देखि बाराही जाने स्थानको हनुमन्ते खोलामा झोलुङ्गे पुल निर्माण गर्नुपर्ने, गल्ली गल्लीको फोहर संकलनलाई अझ व्यवस्थित गर्नुपर्ने, सफाई मजदुरहरुलाई शिष्टता र सालिनता सिकाउनु पर्ने सुझाव दिनु भयो ।

७. **सभासद श्री रिता फसिकवाले** भ.न.पा. ५ नं. वडा कार्यालय भवन निर्माणको लागि हाल वडा कार्यालय संचालनमा रहेको गुठी संस्थान भक्तपुरको स्वामित्वमा रहेको जग्गा खरिद प्रक्रिया अगाडि बढाउनु पर्ने, नगर क्षेत्रमा अशोभनीय ढंगले राखिएका रंगीचंगी फाइबरको छाना हटाउने व्यवस्था मिलाउनु पर्ने, बजार व्यवस्थापन प्रभावकारी बनाउनु पर्ने, नगर क्षेत्रका २०७२ सालको भूकम्पले भत्किएका भवनहरुको अझै बांकी भग्नावशेषहरु तत्काल हटाउनु पर्ने र भगवति स्थानको जनस्वास्थ्य केन्द्रमा फार्मेसी व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

८. **सभासद श्री तारादेवी शाक्यले** भ.न.पा. १० क्षेत्रको खानेपानी समस्या समाधान गर्न समानुपातिक वितरण व्यवस्था मिलाउनु पर्ने, भ.न.पा. १० नं. वडा अन्य वडाको तुलनामा भौगोलिक रुपले ठूलो क्षेत्रफलको वडा भएकोले थप स्वास्थ्य स्वयंसेविका व्यवस्था गर्नुपर्ने र नगरपालिकामा लामो समयदेखि कार्यरत करार र ज्यालादारी कर्मचारीहरुलाई क्रमशः अस्थायी र स्थायी गर्ने प्रक्रिया अगाडि बढाउनु पर्ने धारणा राख्नुभयो ।

९. **सभासद श्री विष्णुमाया कामीले** भ.न.पा. १० पाइपलाइन क्षेत्रको खानेपानी समस्या समाधान गर्नुपर्ने र ब्यारेकबाट ढल निकास सिधै भ.न.पा. १० थली क्षेत्रको खेती योग्य जग्गामा खुल्ला छोडिंदा कृषि उत्पादनमा प्रतिकूल प्रभाव परेकोले ढल व्यवस्थापन गर्नुपर्ने सुझाव दिनु भयो ।

१०. विशेष समयको छलफलमा भाग लिनु हुंदै सभासद श्री सिद्धिराम अवालले अर्ध वार्षिक आर्थिक प्रगति प्रतिवेदनबाट वार्षिक आय र व्ययको लक्ष्य प्राप्त नहुने देखिएकोले सो सम्बन्धी प्रष्ट पार्नुपर्ने, शिक्षित नगरवासीहरुलाई रोजगारीको अवसर सृजनाको लागि आवश्यक व्यवस्था मिलाउनु पर्ने, भ.न.पा.द्वारा

संचालित ख्वप अस्पतालबाट प्रदान गर्ने स्वास्थ्य सेवा अझ प्रभावकारी बनाउन आवश्यक सुधार र थप चिकित्सकहरु व्यवस्था मिलाउनु पर्ने, अरनिको सभा भवन निर्माण कार्य शीघ्र आरम्भ गर्नुपर्ने, ट्राफिक व्यवस्थापन सम्बन्धी नियम कानून कडाईका साथ लागू गरी पार्किङ्ग व्यवस्थापन प्रभावकारी बनाउनु पर्ने, भ.न.पा. वडा नं. ६ को शिशु स्याहार केन्द्र हाल संचालनमा रहेको वडा कार्यालय भवनबाट ६ वडाकै उपयुक्त अन्य स्थानमा स्थानान्तरण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

११. **सभासद श्री हरिरत्न गोर्खाली**ले पश्चिमेली राजनैतिक प्रणालीको मूल्य र मान्यता अनुसार प्रतिनिधि सभा र बागमती प्रदेश सभामा नेपाल मजदुर किसान पार्टीलाई प्रमुख प्रतिपक्ष दल तोक्नु पर्ने विषयमा चर्चा गर्नु हुंदै शववाहन सेवा संचालन व्यवस्थित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

१२. **सभासद श्री न्हुछेराम कोजु**ले भ.न.पा. २, सानो ब्यासीदेखि कमलविनायकसम्मको नगरकोट रोडको पुरानो घरहरुको नक्सा पास सम्बन्धी आवश्यक व्यवस्था मिलाउनु पर्ने, भ.न.पा. ब्यासी क्षेत्रको खानेपानी समस्या समाधानको लागि पहल गर्नुपर्ने, नगरकोटको सडकको सडक बत्ती व्यवस्थित गर्नुपर्ने,भ.न.पा. सानो ब्यासीदेखि जिल्ला प्रशासन कार्यालय जाने बाटोमा ढुंगा छाप्नु पर्ने, भ.न.पा. २, ब्यासीको नगर स्वास्थ्य केन्द्रमा निःशुल्क औषधी वितरणको व्यवस्था मिलाउनु पर्ने, शारदा मा.वि.मा छाना छाउनआवश्यक आर्थिक सहयोग गर्नुपर्ने, पर्यटन बस पार्कको अटो ट्वाइलेट संचालनमा ल्याउनु पर्ने, भ.न.पा. २, ब्यासी क्षेत्रको सडकजाम व्यवस्थित गर्नुपर्ने, देको मिवा इतापाके जग्गा एकीकरण आवास आयोजनामा सडक बत्ती, ढल निकास, खानेपानी, टेलिफोनलगायतका पूर्वाधारहरु व्यवस्था गर्नुपर्ने,शहीद स्मृति खेल मैदानलाई इन्डोर कभर्ड हलको रुपमा विकास गर्न आवश्यक निर्माण कार्य अगाडि बढाउनु पर्ने र भ.न.पा. मर्मत शाखामा कार्य गर्ने डकर्मी, सिकर्मी, ज्यामी, नकर्मीलगायतका दैनिक

ज्यालादारीहरुको पारिश्रमिक ज्याला समयमै उपलब्ध गराउन आवश्यक पहल गर्नु पर्ने विचार व्यक्त गर्नुभयो।

१३. छलफलमा भाग लिनु हुंदै **सभासद श्री सूर्य प्रसाद श्रेष्ठ**ले भक्तपुर नगर क्षेत्रमा बांकी रहेको कृषि योग्य जमिन संरक्षण गर्नुपर्ने, स्मार्ट सिटी सम्बन्धी गलत अवधारणाबारे स्पष्ट पार्नुपर्ने,सामुदायिक विद्यालयहरुको अनुगमन गरी आवश्यकता अनुसार बजेट विनियोजन गरी स्तरोन्नती गर्नुपर्ने, नगर

प्रहरीको व्यवस्था शीघ्र गर्नुपर्ने, हनुमन्ते करिडोरमा तटबन्धमा काउखालीलेराखेको ढल व्यवस्थित गर्नुपर्ने, भ.न.पा. वडा नं. ५ त्रिपुरा सुन्दरी क्षेत्रको ऐतिहासिक पूर्व फर्केको ढुंगेधारा संरक्षण गर्नुपर्ने, कुहिने  र नकुहिने फोहर छुट्याएर संकलन गर्ने व्यवस्था प्रभावकारी बनाउनु पर्ने धारणा राख्नु भयो ।

१४. **सभासद श्री हिरा ख्याजुले** भ.न.पा. ७हनुमानघाट स्थित उपचार पोखरी पुनः निर्माण गरी शीघ्र संचालनमा ल्याउनु पर्ने, सुधारिएको शवदाह गृह संचालनको लागिआवश्यक कार्यविधि बनाई शीघ्र संचालन गर्नुपर्ने, हनुमानघाट क्षेत्रको गुरु योजना बनाई कार्यान्व्यिन गर्नुपर्ने, वडा बजेट वृद्धि गर्नुपर्ने, व्यवसायिक कृषि क्षेत्र पहिचान गरी कर छुट गर्नुपर्ने, प्रदेश/संघीय सरकारसंग समन्वय गरी थप सीपमूलक तालिमहरु संचालन गर्नुपर्ने,उपभोक्ता समितिका पदाधिकारीहरुलाई समितिको काम, कर्तव्य र समितिलेपालना गर्नुपर्ने आर्थिक नियम र खरिद नियमावली सम्बन्धी तालिम दिनुपर्ने, भ.न.पा.का जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासको लागि तालिमदिनुपर्ने, जनप्रतिनिधिहरुको पोशाक छिटो व्यवस्था गर्नु पर्ने धारणा राख्नु भयो ।

१५. **सभासद श्री कृष्ण सुन्दर प्रजापतिले** भ.न.पा.का सबै वडा र गल्ली, चोकमा सन्तुलित खानेपानी वितरणको व्यवस्था गर्नुपर्ने, नयाँ क्षेत्रहरुमा डिप बोरिङ्ग गरेर भए पनि पानी वितरणको व्यवस्था मिलाउनु पर्ने, सरसफाईमा विशेष ध्यान दिनुपर्ने, जंगम मठ पुनः निर्माण विषयमा प्रष्ट पार्नुपर्ने, राम मन्दिर पुल पूर्वमा एउटा नयां पुल निर्माण गर्नुपर्ने, स्मार्ट सिटीसम्बन्धमा भक्तपुर सांस्कृतिक स्मार्ट सिटी रुपमा रहेकोबारे सचेत पार्नु पर्ने, नगर क्षेत्रका ढुंगे धाराहरुमा पानी आउने व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

१६. **सभासद श्री जितेन्द्र मुनंकर्मीले** पूँजीवादी व्यवस्थाका विकृतिहरु बारे चर्चा गर्नुहुँदै जिन्सी निरीक्ष्ण गर्नुपर्ने, कार्य विभाजन व्यवस्थित गर्नुपर्ने र जनप्रतिनिधिहरुलाई शीघ्र पोशाकको व्यवस्था गर्नुपर्ने विचार राख्नु भयो ।

१७. विशेष समयमा सभासदहरुले राख्नु भएको जिज्ञासा प्रष्ट पार्न वातावरण तथा पर्यटन समितिका संयोजक तथा शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य श्री रविन्द्र ज्याख्वलाई समय प्रदान गर्नुभयो र संयोजक एवम् सदस्य ज्याख्वले सामुदायिक विद्यालयको स्तरोन्नती, विद्यालय पूर्वाधार विकास, एस.ई.ई. तयारी परीक्षा, घर दैलो नर्सिङ्ग र स्वास्थ्य स्वयंसेविका परिचालन, फोहर व्यवस्थापन, कर्मचारीहरुको व्यवहार र आचरण, फार्मेसी व्यवस्था थप स्वास्थ्य स्वयंसेविका व्यवस्था, शिशु स्याहार

केन्द्र स्थानान्तरण, शव वाहन संचालन, निःशुल्क औषधी व्यवस्था, कम्पोष्ट मल वितरण र मूल्य निर्धारण, विद्यालय अनुदान, कुहिने र नकुहिने फोहर छुट्याएर संकलन लगायतका विषयमा प्रष्ट पार्नु भयो ।

१८. सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गरी युवा तथा खेलकुद समितिका संयोजक श्री श्याम कृष्ण खत्रीले नगर क्षेत्रको पार्किङ्ग व्यवस्थापन, भ.न.पा. १ सल्लाघारीको डिप बोरिङ्गबाट आएको पानी वितरणको तयारी बारे प्रष्ट पार्नुभयो ।

१९. सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गरी निर्माण समितिको संयोजक श्री उकेश कवांले अरनिको सभा भवन निर्माण, विकास निर्माण कार्य, गमला व्यवस्था, चिस्यान केन्द्र, मर्मत संभार, खेल मैदान निर्माण, वडा कार्यालय भवन निर्माण, जनस्वास्थ्य केन्द्र निर्माण, मंगलतिर्थ पुनः निर्माण, पार्किङ्ग स्थल व्यवस्था र संचालन, हनुमानघाट गुरु योजना, उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम, त्रिपुरा सुन्दरीको ढुंगेधारा संरक्षण, नगरकोट रोडको पुरानो घरको नक्सा पासलगायतका विषयमा सभासदहरुको जिज्ञासा बारे प्रष्ट पार्नुभयो ।

२०. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक २० मिनेटको लागि स्थगित गरिएको जानकारी गराउनु भयो ।

२१. सभा अध्यक्ष प्रजापतिले सभामा बैठक पुनः संचालन गर्नु हुंदै "भक्तपुर नगरपालिकाको (नगर कार्यपालिका तथा समिति) को बैठक संचालन सम्बन्धी कार्यविधि, २०७९"माथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२२. छलफलमा भाग लिनु हुंदै**सभासद श्री नारायण प्रसाद त्वानाबासु**ले कार्यविधिमा व्यवस्था भएको बैठक सम्बन्धी व्यवस्था बारे विभिन्न जिज्ञासा राख्नुभयो ।

२३. कार्यविधि माथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री हरिरत्न गोर्खालीले** समितिको बैठक निर्धारित समय भन्दा कति पछाडिसम्म बस्न मिल्ने ? र कति ढिलो आउनेसम्मलाई उपस्थित गराउन मिल्ने प्रष्ट उल्लेख गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२४. सभा अध्यक्ष श्री प्रजापतिले कार्यविधिमाथिको छलफलमा सभासदहरुले उठाउनु भएको जिज्ञासाबारे प्रष्ट पार्न भ.न.पा.९ का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वलाई समय प्रदान गर्नुभयो र अध्यक्ष ज्याख्वले सभासदहरुको जिज्ञासाबारे प्रष्ट पार्नुभयो ।

२५. सभा अध्यक्ष प्रजापतिले "भक्तपुर नगरपालिकाको (नगर कार्यपालिका तथा समिति) को बैठक संचालन सम्बन्धी कार्यविधि, २०७९"पारित गर्न सभा समक्ष पेश गर्नुभयो र सभाबाट उक्त कार्यविधि सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो ।

२६. सभा अध्यक्ष प्रजापतिले विधायन समितिका सदस्य श्री कृष्ण प्रसाद कोजुलाई "भक्तपुर नगरपालिका युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९" सभा समक्ष पेश गर्न समय प्रदान गर्नुभयो र सदस्य कोजुले उक्त कार्यविधि सभा पेश गर्नुभयो ।

२७. सभा अध्यक्ष प्रजापतिले नगरसभाको अर्को बैठक मिति २०७९।११।२गते दिनको १:०० बजे बस्ने गरी आजको बैठक सकिएको जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको तेह्रौं नगर सभा (चौथो दिन)**

**२०७९ फागुन २ गते,मंगलबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट तेहौं नगर सभाको चौथो दिनको बैठक शुरु गर्नु हुंदै विशेष समयमा बोल्न चाहने सभासदहरुलाई समय प्रदान गर्नुभयो र बोल्ने चाहनु हुने सभासदहरुको नाम टिपाउन र टिप्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

२ विशेष समयमा बोल्नु हुंदै**सभासद श्री इन्द्र बहादुर प्याठ**ले भक्तपुर नगरपालिकाद्वारा संचालित ख्वप अस्पतालमा सिटि स्क्यानको व्यवस्था गर्नुपर्ने, अल्ट्रा साउण्डबाट पूर्णकालीन सेवा दिनु पर्ने, सामुदायिक विद्यालयहरुमा पनि स्वास्थ्य शिविर संचालन गर्नुपर्ने, नगरकोटको मुहान पोखरी क्षेत्रलाई जलाधार क्षेत्र घोषणा गराउन पहल गर्नुपर्ने, मेलम्चीको पानी नगरभरि सुन्तलित वितरणको लागिपहल गर्नुपर्ने, नगर प्रहरीको शीघ्र व्यवस्था गर्नुपर्ने, न.पा.ले बहालमा लगाएको टहरा दोश्रो पक्षलाई थप बहाल लिई हस्तान्तरण गरेको नियमन गर्नुपर्ने, ख्वप अस्पताल परिसरको बाटो फराकिलो बनाउनु पर्ने रपर्यटकलाई वितरण गर्ने ब्रोसरमा भ.न.पा. २, ब्यासी र भ.न.पा. ९, दत्तात्रयको पर्यटक सूचना केन्द्र उल्लेख गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

३. **सभासद श्री नारायण प्रसाद त्वानाबासु**ले भक्तपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम परिमार्जन गर्नुपर्ने, स्थानीय पाठ्यक्रम अध्ययन अध्यापन गराउने विद्यालयहरुको वडा स्तरीय रुपमा अनुगमन गर्नुपर्ने, विद्यालयको भौतिक अवस्थाबारे वडाबाट नियमन गर्नुपर्ने, विद्यालयहरुमा खेलकुद प्रशिक्षक व्यवस्था गर्नुपर्ने, सांस्कृतिक प्रशिक्षणमा ध्यान दिनुपर्ने, यातायात व्यवस्थापन र पार्किङ्ग व्यवस्थापन मिलाउनु पर्ने, स्वास्थ्य स्वयंम सेविकाहरुलाई सामाजिक कार्यकर्ताको रुपमापरिचालन गर्नुपर्ने धारणा राख्नु भयो ।

४. **सभासद श्री हेरा ख्याजु**ले शित भण्डार, खेल मैदान, कोशेली घर, सांस्कृतिक केन्द्र भवन निर्माण कार्य अगाडि बढाउनु पर्ने, वडाबाट प्रदान गरिने सिफारिसहरुमा सहजताल्याउनु पर्ने, खानेपानी वितरण समानुपातिक हुनुपर्ने, करारका कर्मचारी स्थायी गर्ने प्रक्रिया अगाडि बढाउनुपर्ने, ख्वप अस्पतालका कर्मचारीहरुलाई शिष्ट बनाउनु पर्ने, कौशी खेतिबारे सचेतना दिनुपर्ने, भ.न.पा. बाट उत्पादित कम्पोष्ट मल अनुदानमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने, नगरका सांस्कृतिक सम्पदाको सूचिकरण र नक्सांकन गर्न वास्तुविद शाखाको व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

५. **सभासद श्री जितेन्द्र मुनंकर्मी**ले टर्कीको भूकम्पबारे प्राविधिक र वर्तमान अवस्था विषयमा चर्चा गर्नुभयो ।

६. **सभासद श्री कृष्ण नारायण दुमरु**ले भ.न.पा.वडा नं. १० भुतिपाके क्षेत्रको पर्खाल, अनियमित निर्माण हटाउनु पर्ने, भ.न.पा.ले संचालन गरेको आवास योजनाहरुमा एकरुपकता आउने गरी नक्सा पास व्यवस्था मिलाउनु पर्ने, नगरकोट सडक फराकिलो बनाउन पहल गर्नुपर्ने, नगर प्रहरीको व्यवस्था शिघ्र गर्नुपर्ने, नगर क्षेत्रका तार र केबुलहरु व्यवस्थित गर्नुपर्ने धारणा राख्नु भयो ।

७. **सभासद श्री श्यामसुन्दर माता**ंले शहीद स्मृति खेल मैदान (इनडोर) कभर्ड हलको रुपमा विकास गर्नुपर्ने, सफाई मजदुरहरुको व्यवहार नम्र बनाउनु पर्ने, नक्सा पास नभएका भूकम्प पिडितहरुलाई धारा जडान गर्न आवश्यक सिफारिस व्यवस्था मिलाउनु पर्ने, सहकारी संस्थामा अनियमित गर्नेहरुको सम्पत्ति रोक्का प्रभावकारी बनाउनु पर्ने, मेलम्चीको पानी नगरभरि सन्तुलित रुपमा वितरण गर्नुपर्ने, भ.न.पा. २ इताछेंदेखि खौमासम्मको सडकमा ढुंगा छाप्ने व्यवस्था मिलाउनु पर्ने, सहकारी संस्थामाजनप्रतिनिधि, शिक्षक, कर्मचारीलगायतका पदाधिकारी बन्न नमिल्ने व्यवस्थाबारे प्रष्ट पार्नुपर्ने रभ.न.पा. २ नः पुखु क्षेत्रमा व्यवस्थित पार्किङ्ग संचालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

८. **सभासद श्री सूर्यप्रसाद श्रेष्ठ**ले भ.न.पा. १ सल्लाघारी स्थित १०८ रोपनी जग्गामा ख्वव विश्वविद्यालय संचालन गर्न पहल गर्नुपर्ने, हनुमन्ते खोलाको मापदण्ड २० मि. ले कृषकहरुको जग्गा मासिने विषयमा ध्यान दिनुपर्ने, नगरकोटको मुहान पोखरी क्षेत्रलाई संरक्षण गर्न र जलाधार क्षेत्र घोषणा गर्न चांगनारायण नगपालिकासंग सहकार्य र समन्वय गर्नुपर्ने, पार्किङ्ग व्यवस्था गर्दा पार्किङ्ग समयको आधारमा शुल्क लगाउने, सुल्क संकलन विद्युतीय माध्यमबाट गर्नुपर्ने, वडामा व्यवसाय दर्ता गर्दा सफाई शुल्क र भाडाको घरमाव्यवसाय संचालन गर्नेसंग घर भाडा कर पनि संकलनको व्यवस्था मिलाउनु पर्ने, न.पा. बाट संचालित शिपमूलक तालिम प्राप्त प्रशिक्षार्थीहरुले सिकेको शिप प्रयोग गरे नगरेको अनुगमन गर्नुपर्ने, वडा निरीक्षकहरुको कामलाई प्रभावकारी बनाईसम्बन्धित वडा कार्यालयप्रति जवाफदेही बनाउनु पर्ने र भ.न.पा. १ तंकोनेदेखि इताछेंसम्मको बाटो ढुंगा छाप्नु पर्ने धारणा राख्नु भयो ।

९. **सभासद श्री सिद्धिराम अवाल**लेनगर क्षेत्रभित्र सम्पदा संरक्षण र निजी भवन निर्माण कार्य गर्दा बाटो नरोकिने व्यवस्था गर्नुपर्ने, ऐतिहासिक एवम् सांस्कृतिक नाचगानको संरक्षण गर्नुपर्ने, सांस्कृतिक बाजागाजाको विविधता संरक्षण गर्नुपर्ने,सरसफाईमा विशेष ध्यान दिनुपर्ने, खानेपानी वितरण समानुपातिक र सन्तुलित रुपमा गर्नुपर्ने र चुहावत नियन्त्रण गर्नुपर्ने, भ.न.पा. ६ नं वडाको बाटो ढुंगा छाप्नु पर्ने विचार राख्नुभयो ।

१०. **सभासद श्री गोविन्द दुवाल**ले नेपाल क्रान्तिकारी किसान संघको तेश्रो राष्ट्रिय सम्मेलन सफल पार्न सहयोग गर्नु हुने सबैलाई धन्यवाद ज्ञापन गर्नु हुंदै ने.क्रा.कि.संघको स्थापना, भ्रष्टाचार विरोधी आन्दोलन, भपाई आन्दोलन, मोहियानी हक सम्बन्धी आन्दोलनको चर्चा गर्दै किसान संघर्षको ऐतिहासिक घटनाहरुको विश्लेषण गर्नुभयो ।

११. सभा अध्यक्ष प्रजापतिले सभासदहरुको जिज्ञासा प्रष्ट पार्न स्थानीय पाठ्यक्रम कार्यदलका संयोजक एवम् ५ नं. वडाका वडाअध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेंलाई समय प्रदान गर्नुभयो र संयोजक बिजुक्छेंले स्थानीय पाठ्यक्रम सम्बन्धी विषयमा उठेका जिज्ञासाहरुलाईप्रष्ट पार्नुभयो ।

१२.सभा अध्यक्ष प्रजापतिले सभाको बैठक २० मिनेटको लागि स्थगित गरिएको जानकारी गराउनु भयो ।

१३. सभा अध्यक्ष प्रजापतिले सभामा बैठक पुनः संचालन गर्नु हुंदै **"भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालयन सम्बन्धमा बनेको निर्देशिका,** २०७९" माथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

१४.निर्देशिकामाथिको छलफलमा भाग लिनु हुंदै**सभासद श्री रामसुन्दर बासी**ले उद्यमशीलता प्रवर्द्धन ऋण बैकिंग प्रणालीबाट प्रवाह गर्नुपर्ने, ऋण रकम ३, ५ र १० लाख पुऱ्याउनु पर्ने, ऋणी छनौट प्रक्रिया प्रष्ट पार्नुपर्ने, ऋण लिने प्रक्रिया सहज बनाउनु पर्ने, उद्योगी क्षमता अभिवृद्धिमा ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

१५. छलफलमा भाग लिनु हुंदै **सभासद श्री हरि रत्न गोर्खाली**ले नातेदारबारे प्रष्टपार्नुपर्ने, बुंदा नं. ३.७मा व्यवस्था भएको ऋण फिर्ता गर्नेबारे प्रष्ट पार्नु पर्ने, ऋण फिर्ता गर्ने समय अवधि बढाउनु पर्ने धारणा राख्नु भयो ।

१६.छलफलमा भाग लिनु हुंदै **सभासद श्री सिद्धिराम अवालले** उद्यमशीलता प्रवर्द्धन ऋण प्राप्त गर्ने उमेर हद बढाउनु पर्ने, बुंदा नं. ३.६ मा व्यवस्था भएको प्रत्येक वडाबाट १० जनालाई ऋण दिने व्यवस्था पुनरावलोकन गर्नु पर्ने विचार राख्नुभयो ।

१७. छलफलमा भाग हुंदै **सभासद श्री सूर्य प्रसाद श्रेष्ठले** बुंदा नं. ३.१.१. को व्यवस्थामा विना धरौटीको स्थानमा धन जमानी थप्नु पर्ने, प्रत्येक वडाबाट ऋण प्रदान गर्ने ऋणी संख्या १० जना भन्दा बढाउनु पर्ने,यस न.पा. क्षेत्रबाट बसाई सराई भएर गएकाहरुको विषयमा प्रष्ट उल्लेख गर्नु हुनु पर्ने, बुंदा नं. ५.५ मा राम्रो उद्यमीलाई पुरस्कृत गर्ने व्यवस्था थप्नु पर्ने, भाडाको घरमा व्यवसाय संचालन गर्ने उद्यमीलाई घरभाडा अनिवार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१८.सभा अध्यक्ष श्री प्रजापतिले छलफलमा भाग लिनु हुंदै सभासदहरुले उठाउनु भएका विषयहरुमा प्रष्ट पार्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नुभयो । र संयोजक सुवालले सभासदहरुको जिज्ञासा प्रष्ट पार्नुभयो ।

१९. सभा अध्यक्ष श्री प्रजापतिले"**भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालयन सम्बन्धमा बनेको निर्देशिका, २०७९**"पारित गर्न सभा पेश गर्नु भयो र सभाबाट उक्त निर्देशिका सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

२०. सभा अध्यक्ष श्री प्रजापतिले विधायन समितिकासंयोजक श्री हरिराम सुवाललाई "**बहु उद्देश्यीय व्यवसायिक भवन निर्माण तथा संचालन सम्बन्धी कार्यविधि, २०७९**" सभा समक्ष पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले सभामा उक्त निर्देशिका पेश गर्नुभयो ।

२१. सभा अध्यक्ष प्रजापतिले १३ औं नगर सभाको अर्को बैठक २०७९ फागुन ४ गते, दिनको १:०० बजे बस्ने गरी बैठक सकिएको जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको तेह्रौं नगर सभा (पाँचौं दिन)**

**२०७९ फागुन ४ गते, बिहीबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट तेह्रौं नगर सभाको पाँचौं दिनको बैठक शुरु गर्नु हुंदैविशेष समयको छलफलमा भाग लिन चाहनु हुनेसभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. छलफलमा भाग लिनु हुंदै **सभासद श्री मञ्जु मैया लाखाले** भ.न.पा. कार्यालयको शौचालयको धारा मर्मत गर्नुपर्ने, भ.न.पा. २ व्यासीस्थित नगर स्वास्थ्य केन्द्रमा ल्याब व्यवस्था गर्नुपर्ने, विस्तारित नयां बस्तीहरुमा फोहर संकलन र बाटो बधार्ने व्यवस्था मिलाउनु पर्ने, नगर क्षेत्रका सहकारी संस्थाहरुको नियमित अनुमगन र नियमन गर्नुपर्ने, सहकारी संस्थाबाट ऋण लिएर बसेका ऋणीहरुलाई ऋण फिर्ता गराउन भ.न.पा. कार्यालय र वडा कार्यालयहरुबाट समेत आवश्यक पहल गर्नुपर्ने, राष्ट्रिय सहकारी दिवसको अवसरमा नगरपालिकाबाट विशेष कार्यक्रम संचालन गर्नुपर्ने, सहकारी बुलेटिन प्रकाशन गर्नुपर्ने र भ.न.पा.२ व्यासीस्थित पर्यटक बस पार्क र नगरपालिका परिसरको बाटो व्यवस्थित गर्नुपर्ने विचार राख्नु भयो ।

३. **सभासद श्री रिता फसिकवाले** व्यवसायीहरुले घर र जग्गा बहालमा लिई व्यवसाय संचालन गर्दा घर बहाल कर संगै जग्गा बहाल कर पनि संकलन गर्नुपर्ने, भ.न.पा. ५ भुलांचादेखि आदर्श बसपार्कसम्मको बाटोमा सडक बत्ती व्यवस्था गर्नुपर्ने, नगर क्षेत्रका सबै महिला स्वास्थ्य स्वयं सेविकाहरुको लागि बैठक कक्ष व्यवस्था गर्नुपर्ने, भ.न.पा. ५ नं. वडाको जुजु फल्चा पुनः निर्माण गर्नुपर्ने, चासुखेलस्थित एकान्त कुमारी द्यो छैं गुठी संस्थान, भक्तपुरसंग समन्वय गरी पुनः निर्माण गर्नुपर्ने, हनुमन्ते र खासाङ्ग खुसुङ्ग खोला छेउमा फोहर फाल्ने क्रियाकलापलाई नियन्त्रण गर्नुपर्ने धारणा राख्नुभयो ।

४. छलफलमा भाग लिनु हुंदै **सभासद श्री सुनिता बोहजुले** भ.न.पा. ८ वडा क्षेत्रको लागि सफाई मजदुर अपुग भएकोले थप सफाई मजदुर व्यवस्था गरी सरसफाई प्रभावकारी बनाउनु पर्ने, ख्वप अस्पतालमा औषधी वितरण व्यवस्थित गर्नुपर्ने, प्रयोगशालाको रिपोर्ट परीक्षण गरेको दिन प्राप्त हुने गरी व्यवस्था

मिलाउनु पर्ने, भ.न.पा. ८ लिवाली क्षेत्रमा विद्युत, सडक बत्ती, खानेपानीलगायतका पूर्वाधारहरु व्यवस्था गर्नुपर्ने, लिवालीस्थित कभर्ड हलमा आवश्यक पूर्वाधारहरु शीघ्र निर्माण गरी संचालनमा ल्याउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

५. **सभासदश्री हेरा ख्याजु**लेनगरको सौन्दर्यलाई प्रतिकूल प्रभाव पारिरहेको तार र केबुलहरु शीघ्र व्यवस्थित गर्नुपर्ने, भ.न.पा. ७, हनुमानघाटस्थित वनकिवा पोखरी उत्खनन् गरी पुनः निर्माण गर्नुपर्ने, झर्तिला क्षेत्रको बाटो खोल्नु पर्ने, कमलविनायक क्षेत्रमा खानेपानी व्यवस्था गर्नुपर्ने, नयाँ बस्तीका घरहरुलाई पनि करको दायरामा ल्याउनु पर्ने, टोल सुधार समितिहरुको अनुगमन गरी नगरपालिका मातहतमा संचालन गराउनु पर्ने धारणा राख्नु भयो ।

६. **सभासद श्री नारायण प्रसाद त्वानाबासु**ले यातायात र पार्किंग व्यवस्था मिलाउन पर्ने, बजार व्यवस्था प्रभावकारी बनाउनु पर्ने, नगर प्रहरीको व्यवस्था गरी परिचालन गर्नुपर्ने, सम्पदा क्षेत्रको लागि आचारसंहिता बनाई लागू गर्नुपर्ने धारणा राख्नु भयो ।

७. **सभासद श्री पुरुषोत्तम तमखु**ले ज्ञान बहादुर न्याइच्याईको स्मरण गर्नु हुँदै नक्सा पासमा ढिलासुस्ती हटाउनु पर्ने, जनगुनासो सहजीकरण गर्नुपर्ने, निर्माण समितिको प्रभावकारिता ल्याउनुपर्ने, विभेदपूर्ण निर्णय गर्न नहुने, नागरिक वडापत्र अनुसार कार्य सम्पादन गर्नुपर्ने, नक्सा शाखामा कर्मचारीबीच समन्वय गर्नुपर्ने, मुद्दाका फाइलहरु फछ्र्यौट गर्नुपर्ने विचार राख्नु भयो ।

८. **सभासद श्री जितेन्द्र मुनंकर्मी**ले सुधारिएको शव दाह गृह सुधार गर्नुपर्ने, सुधारिएको शवदाह प्रविधिमा सुधार ल्याउनुपर्ने विचार राख्नु भयो ।

९. **सभासद श्री कृष्ण नारायण दुमरु**ले न.पा. को डोजर चलाउन ड्राइभर हाजिर गर्ने र कार्य स्थल पुग्ने समय मिलाउनु पर्ने, सबै सडक बत्तीहरु बाल्ने व्यवस्था गर्नुपर्ने, आवास क्षेत्रहरुको फुटपाथ अतिक्रमण रोक्नु पर्ने धारणा राख्नु भयो ।

१०. **सभासद श्री सूर्य प्रसाद श्रेष्ठ**ले सल्लाघारी पुलदेखि खासाङ्खुसुङ्ग खोलासम्मको सडक फुटपाथ व्यवस्थित गर्नुपर्ने, मठ, मन्दिरको वहानहरु दुरुपयोग रोक्नुपर्ने, नयाँ बस्तीमा सेट ब्याकमा पर्खाल निर्माण रोक्नुपर्ने,

नगरका सबै क्षेत्रमा सडक बत्ती व्यवस्था गर्नुपर्ने, अरनिको राजमार्गको ट्रिपर आतंक नियन्त्रण गर्नुपर्ने र तार र केबुल व्यवस्थित गर्न पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

११. **सभासद श्री श्याम सुन्दर मातां**लेसुधारिएको शव दाह गृहबाट २४ सैं घण्टा सेवा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने, शवदाह गृहमा आवश्यक सुधार गर्नुपर्ने, हनुमन्ते खोला सुधार गर्न जस्तीके पुलमुनि खोलामा गरेको उठेको ढलान फुटाई सतह गहिऱ्याउनु पर्ने, खोलाको रिटेनिङ्ग वाल सबै ठाउँमा बनाउनु पर्ने, खोलाको मापदण्डमा एकरुपता ल्याउनुपर्ने विचार राख्नुभयो ।

१२. **सभासद श्री कृष्णलाल किसी**लेनगरका किसानलाई अनुदानमा कम्पोष्ट मल वितरण गर्नुपर्ने, स्थानीय विउ विजन संरक्षण गर्न पहल गर्नुपर्ने, बजार व्यवस्थित गर्न नगर प्रहरी परिचालन गर्नुपर्ने, भ.न.पा. ७ स्थित जगातिको सत्तल र पुल जीर्णोद्धार गर्नुपर्ने, सडक कालोपत्र र पेटी निर्माण गर्न बजेटको व्यवस्था गर्नुपर्ने, नक्सा पास प्रक्रिया सहज गर्नुपर्ने, नेवार संस्कृति अनुसार कला वाय्गु प्रचलनको व्यवस्थापन गर्नुपर्ने धारणा राख्नु भयो ।

१३. **सभासद श्री सिद्धिराम अवाल**ले ख्वप अस्पतालमा प्रतिक्षालयको व्यवस्था गर्नुपर्ने, प्रत्येक डाक्टरलाई छुट्टाछुट्टै परीक्षण कक्ष व्यवस्थापन गर्नुपर्ने, औषधी वितरण व्यवस्थित गर्नुपर्ने, प्रयोगशालाको सेवा शिघ्र बनाउनुपर्ने, पार्किङ्ग स्थल सरसफाई गर्नुपर्ने, वडा बजेट १ करोड पुग्ने गरी बढाउनु पर्ने, बासी तं को ट्रान्सफर्मर स्थानान्तरण गर्न पहल गर्नुपर्ने, बालबोध शान्ति नि.मा.वि. पुनः निर्माणमा बजेट छुट्याउनु पर्ने, जालाचामा उद्यान बनाउनु पर्ने, आयुर्वेद केन्द्रमा पर्याप्त औषधि व्यवस्था गर्नुपर्ने र इन्द्रायणीको पार्किङ्ग शुल्क संकलनमा न.पा.को सहमति भए नभएको प्रष्ट पार्नु पर्ने विचार राख्नु भयो ।

१४. **सभासद श्री गोविन्द दुवाल**ले व्यासीदेखि कमलविनायकसम्मको नगरकोट सडक खण्ड व्यवस्थित गर्न बैकल्पिक मार्ग शिघ्र निर्माण गरी संचालन गर्न PIDको पाईप बिछ्याउने कार्य शीघ्र सम्पन्न गराउन पहल गर्नुपर्ने, राजनैतिक पूर्वाग्रह राखी सरकारले गर्ने भेदभावको विरुद्धमा संघर्ष गर्नुपर्ने र भ.न.पा.का कर्मचारीहरु संवेदनशील भई कर्तव्य पालना गर्नुपर्ने विचार राख्नु भयो ।

१५. सभा अध्यक्ष श्री प्रजापतिले सभासदहरुले उठाउनु भएका विषयहरुमा प्रष्ट पार्न विधायन समितिका संयोजक श्री हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो । र संयोजक बासुकलाले सहकारी संस्थाहरुबारे सभासदहरुको जिज्ञासा प्रष्ट पार्नुभयो ।

१६. सभा अध्यक्ष श्री प्रजापतिले सभासदहरुले उठाउनु भएका विषयहरुमा प्रष्ट पार्न शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति सदस्यएवम् वातावरण तथा पर्यटन समितिका संयोजक श्री रविन्द्र ज्याख्वलाई समय प्रदान गर्नुभयो । र संयोजक ज्याख्वले शहरी स्वास्थ्य केन्द्रमा ल्याव व्यवस्था वा संकलन केन्द्र व्यवस्था, ख्वप अस्पतालको व्यवस्थापन, फार्मेसीको सेवा प्रवाह, पार्किङ्गको सरसफाई, डाक्टरलाई छुट्टाछुट्टै कोठा व्यवस्था, नागरिक आरोग्य केन्द्रमा औषधि व्यवस्था, स्वास्थ्य सुविधा वृद्धि, बैठक हल व्यवस्था, फोहर व्यवस्थापन, सफाई मजदुर बढाउनु पर्ने, सम्पदा क्षेत्रको बाहन दुरुपयोग, घुम्ती सरसफाई, दोकाको कला वायूगु व्यवस्थापन, नयां बस्तीमा सडक बढार्ने लगायतका विषयमासभासदहरुको जिज्ञासाबारे प्रष्ट पार्नुभयो ।

१७. सभा अध्यक्ष श्री प्रजापतिले सभासदहरुले उठाउनु भएका विषयहरुमा प्रष्ट पार्न निर्माण समिति संयोजकश्री उकेश कवांलाई समय प्रदान गर्नुभयो । र संयोजक कवांले ट्वाइलेटको धारा मर्मत, नयां योजनाहरु, खोलाको मापदण्ड, सडक मापदण्डमा सडक फराकिलो बनाउने, खोलाको ढलान तल झार्ने, शवदाह गृह सुधार र परिमार्जन २४ सै घण्टा सेवा प्रवाह, वडा निरीक्षकको हाजिर, बनकिवा पोखरी, झर्तिला बाटो, कभर्ड हलको पूर्वाधार, सडक बत्ती, निर्माण समिति, नक्सा पास प्रक्रिया लगायतका विषयमा सभासदहरुको जिज्ञासाबारे प्रष्ट पार्नुभयो ।

१८. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक २० मिनेटको लागि स्थगित गरिएको जानकारी गराउनु भयो ।

१९. सभा अध्यक्ष प्रजापतिले सभामा बैठक पुनः संचालन गर्नु हुंदै**"भक्तपुर नगरपालिका बहु उद्देश्यीय व्यवसायिक भवन निर्माण तथा संचालन सम्बन्धी कार्यविधि, २०७९"** कार्यविधिको छलफलमाथिभाग लिन चाहने हुने सभासदहरुको नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२०. छलफलमा भाग लिनु हुंदै **सभासद श्री इन्द्र बहादुर प्याठले** निर्देशक समितिमा महिला सहभागिता थप्नु पर्ने, वडाको वडा सदस्य संचालक समितिमा समावेश गर्नुपर्ने, बुंदा नं. ५ मा योगदान ५०, ५० प्रतिशत गर्नुपर्ने, इच्छुक दाताहरुबारे प्रष्ट पार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२१. **सभासद श्री सिद्धिराम अवालले** निर्देशक समितिमा महिला सहभागिता वृद्धि गर्नुपर्ने, निर्माण समितिमा प्राविधिक सहभागी गराउनु पर्ने, रकम व्यवस्थामा सहकारीबाट प्राप्त हुने रकम किटान गर्नुपर्ने, बुंदा नं. ६.६ मा समय अवधि ३० वर्ष पुऱ्याउनु पर्ने विचार राख्नु भयो ।

२२. **सभासद श्री सूर्य प्रसाद श्रेष्ठले** निर्माण तथा संचालन समिति सदस्य बेजोड संख्या हुने गरी बढाउनु पर्ने, समितिमा सम्बन्धित वडाको अध्यक्ष समावेश गर्नुपर्ने विचार राख्नु भयो ।

२३. **सभासद श्री जितेन्द्र मुनंकर्मीले** ३३ प्रतिशत महिला सहभागिता निश्चितता गर्नुपर्ने, योगदान ५१ प्रतिशत र ४९ प्रतिशतको सट्टा ४० प्रतिशत नपाको ६० प्रतिशत सहकारीको योगदान गराउनु पर्ने, दाताको रकम परिचालन क्षेत्र प्रष्ट पार्नुपर्ने धारणा राख्नु भयो ।

२४. **सभासद श्री हेरा ख्याजुले** निर्माण तथा संचालक समितिमा योजना शाखा, निर्माण समिति सम्बन्धित वडा प्रतिनिधि र सिमाना जोडिएको वडाको प्रतिनिधि समावेश गर्नुपर्ने, व्यवस्थापनमा २० वर्षपछि सहकारीको प्रतिनिधि रहने नरहने प्रष्ट पार्नुपर्ने र निर्माण सम्पन्न पश्चात् सार्वजनिक परीक्षण गर्ने व्यवस्था थप्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

२५. **सभासद श्री पुरुषोत्तम तमखुले** कार्यविधि शिघ्र लागू गर्नुपर्ने, जग्गाको मूल्य निर्धारण गर्नुपर्ने धारणा राख्नुभयो ।

२६. **सभासद श्री नारायण प्रसाद त्वानबासुले** निर्देशक समितिमा सहभागिता समानुपातिक भए जस्तै निर्माण तथा संचालक समितिमा पनि ५१ प्रतिशत र ४९ प्रतिशत गरी ९ जनाको समिति गठन गर्नुपर्ने, संचालक समितिमा प्रमुखज्यू र प्रमुखज्यूले तोकेको व्यक्ति समावेश गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२७. सभा अध्यक्ष श्री प्रजापतिलेसभासदहरुले उठाउनु भएका विषयहरुमा प्रष्ट पार्न विधायन समिति संयोजकश्री हरिराम सुवाललाई समय प्रदान गर्नुभयो । र संयोजक सुवालले सभासदहरुको जिज्ञासा र सुझावबारे प्रष्ट पार्नुभयो ।

२८. सभा अध्यक्ष श्री प्रजापतिले“**भक्तपुर नगरपालिका बहु उद्देश्यीय व्यवसायिक भवन निर्माण तथा संचालन सम्बन्धी कार्यविधि, २०७९**”पारित गर्न सभा पेश गर्नु भयो र सभाबाट उक्त कार्यविधि सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

२९. सभा अध्यक्ष श्री प्रजापतिले विधायन समितिकासंयोजक श्री हरिराम सुवाललाई **“ख्वप कलेज अफ ल को विनियम, २०७८”** सभा समक्ष पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले सभामा उक्त विनियमसभामा पेश गर्नुभयो ।

३०. सभा अध्यक्ष प्रजापतिले १३ औं नगर सभाको अर्को बैठक २०७९ फागुन ८ गते, दिनको १:०० बजे बस्ने गरी बैठक सकिएको जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको तेह्रौं नगर सभा (छैटौं दिन)**

**२०७९ फागुन ८ गते,सोमबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट तेह्रौं नगर सभाको छैटौं दिनको बैठक शुरु गर्नु हुंदै ख्वप कलेज अफ ल को विनियम, २०७८ माथिको छलफलमा भाग लिन चाहनु हुनेसभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. छलफलमा भाग लिनु हुंदै **सभासद श्री हेरा ख्याजु**ले नगरवासीलाई भर्ना शुल्क छुट, कर्मचारीको ग्रेड समान हुनुपर्ने, अध्ययन बिदाबारे प्रष्ट पार्नुपर्ने, शुरुमै स्थायी पदपूर्ति व्यवस्था मिलाउन पर्ने विचार राख्नु भयो ।

३. **सभासद श्री इन्द्रबहादुर प्याथ**ले छलफलमा भाग लिनु हुंदै संचालक समितिमा २ जना थप्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

४.सभा अध्यक्ष श्री प्रजापतिले सभासदहरुले उठाउनु भएका विषयहरुमा प्रष्ट पार्न विधायन समिति संयोजकश्री हरिराम सुवाललाई समय प्रदान गर्नुभयो । संयोजक सुवालले सभासदहरुको जिज्ञासा र सुझावबारे प्रष्ट पार्नुभयो ।

५.सभा अध्यक्ष श्री प्रजापतिले“**ख्वप कलेज अफ ल, को विनियम२०७८**”पारित गर्न सभा पेश गर्नु भयो र सभाबाट उक्त विनियम सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

६. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक १० मिनेटको लागि स्थगित गरिएको जानकारी गराउनु भयो ।

७. सभा अध्यक्ष प्रजापतिले बैठक पुनः संचालन गर्नु हुंदै“**भक्तपुर नगरपालिका शवदाह गृह संचालन सम्बन्धी कार्यविधि, २०७९**” सभामा प्रस्तुत गर्न विधायन समितिका संयोजक श्री हरि राम सुवाललाई समय प्रदान गर्नुभयो र संयोजक सुवालबाट उक्त कार्यविधि सभामा पेश गर्नुभयो ।

८. सभा अध्यक्ष प्रजापतिले कार्यविधिमाथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन र टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

९. छलफलमा भाग लिनु हुँदै **सभासद श्री रिता फसिकवाले** नगरका मुर्दा गुठीका गुठीयारहरुलाई तालिम दिएर परिचालन गर्नुपर्ने, रात्रीको समयमा पनि सेवा प्रदान गर्नुपर्ने र शवदाह गृह शुल्क निश्चित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१०.**सभासद श्री पुरुषोत्तम तमखु**ले २४ सै घण्टा सेवा व्यवस्था मिलाउनु पर्ने, गुठीयारहरुलाई तालिम दिएर संचालन गर्नुपर्ने विचार राख्नुभयो ।

११. सभा अध्यक्ष श्री प्रजापतिले सभासदहरुले उठाउनु भएका विषयहरुमा प्रष्ट पार्न विधायन समिति संयोजकश्री हरिराम सुवाललाई समय प्रदान गर्नुभयो । र संयोजक सुवालले सभासदहरुको जिज्ञासाबारे प्रष्ट पार्नुभयो ।

१२. सभा अध्यक्ष श्री प्रजापतिले**"भक्तपुर नगरपालिका शवदाह गृह संचालन सम्बन्धी कार्यविधि, २०७९"**पारित गर्न सभा समक्ष पेश गर्नु भयो र उक्त कार्यविधिसर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो ।

१३. सभा अध्यक्ष श्री प्रजापतिलेविधायन समितिकासंयोजक श्री हरिराम सुवाललाई "भक्तपुर नगरपालिका **सहकारी नियमावली, २०७९"** सभा समक्ष प्रस्तुन गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले सभामा उक्त नियमावली पेश गर्नुभयो ।

१४. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक२०७८।११।१० गते, दिनको १:०० बजे बस्ने गरी बैठक सकिएको जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको तेह्रौं नगर सभा (सातौं दिन)
## २०७९ फागुन १० गते, बुधबार

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट तेह्रौं नगर सभाको सातौं दिनको बैठक शुरु गर्नु हुंदै "**भक्तपुर नगरपालिका सहकारी नियमावली, २०७९**"माथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुको नाम टिपाउन र नाम टिप्न कर्मचरीहरुलाई निर्देशन दिनु भयो ।

२. छलफलमा भाग लिनु हुंदै **सभासद श्री राम सुन्दर बासी**लेनियमावली मौलिक हुनुपर्ने, १० नं. बुंदाको सहकारी संस्था वर्गीकरण सम्बन्धमा अन्य विषयका सहकारीहरुलाई पनि दर्ता गर्न प्रोत्साहित गर्नुपर्ने, विद्यालय र विश्वविद्यालयलाई सहकारी नियमावलीबाट टाढै राख्नुपर्ने, बुंदा नं. १७ मा लेखा सुपरीवेक्षकको योग्यता प्रष्ट उल्लेख गर्नुपर्ने, संचालक समितिको सदस्यको योग्यता उल्लेख गर्नुपर्ने, संचालक समितिका पदाधिकारीहरुको फोटो सहित बोर्ड राख्नु पर्ने, १८ नं. बुंदामा ब्याजदर तथा सेवा शुल्कमा पुनः विचार गर्नुपर्ने, बुंदा नं. ४ मा दर्ता मापदण्ड संशोधन गर्नुपर्ने,सहकारी संस्थाहरुले उत्पादनमूलक क्षेत्रमा लगानी गर्न जोड दिनुपर्ने धारणा राख्नुभयो ।

३. **सभासद श्री पुरुषोत्तम तमखु**ले लेखा समिति सम्बन्धमा छुट्टै पहिचान हुने भएकोले यसलाई उल्लेख गर्नु नपर्ने, संस्थाबाट ऋण लिई ऋण फिर्ता नदिने प्रवृत्ति बढेकोले यस्ता ऋणीहरुलाई कालो सूचीमा राख्न पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

४. **सभासद श्री नारायण प्रसाद त्वानाबासु**ले नियमावलीमा भएको भाषिक त्रुटी सच्याउनु पर्ने, परिभाषाको कर्जामा हर्जाना पर्ने नपर्ने विषय प्रष्ट पार्नुपर्ने, दण्ड सजाय सम्बन्धमा स्थानीय तहले आधार तयार पार्नुपर्ने, कोषको नियमावली अनुसार मिलाउनु पर्ने, मर्जर भएका संस्थाहरुबारे विचार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

५. सभा अध्यक्ष प्रजापतिले "**भक्तपुर नगरपालिका सहकारी नियमावली**, २०७९"को छलफलमा उठेका विषयहरुबारे प्रष्ट पार्नु विधायन समितिका संयोजक श्री हरि राम सुवाललाई समय प्रदान गर्नुभयो र संयोजक सुवालले छलफलमा उठेका विषयहरुबारे प्रष्ट पार्नुभयो ।

६.सभा अध्यक्ष प्रजापतिले "**भक्तपुर नगरपालिका सहकारी नियमावली**, २०७९"पारित गर्न सभामा पेश गर्नुभयो । उक्त नियमावली सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो ।

७. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक सूचना जारी गरी बस्ने गरी बैठक सकिएको जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको तेह्रौं नगर सभा (आठौं दिन)**

**२०७९ फागुन २५ गते, विहीबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट तेह्रौं नगर सभाको आठौं दिनको बैठक आरम्भ गर्नु हुंदै तिलगंगा आँखा प्रतिष्ठानसंग भएको सम्झौताबारे सभालाई जानकारी गराउनु भयो ।

२. सभा अध्यक्ष श्री प्रजापतिले रकमान्तरण प्रस्ताव पेश गर्न बजेट तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीलाई समय प्रदान गर्नुभयो र संयोजक जोशीले रकमान्तरण प्रस्ताव सभामा पेश गर्नुभयो ।

३. सभा अध्यक्ष श्री प्रजापतिले **“भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरुलाई दिइने पोशाक सुविधा सम्बन्धी निर्देशिका, २०७९”** सभामा पेश गर्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नुभयो र संयोजक सुवालले निर्देशिका सभामा पेश गर्नुभयो ।

४. सभा अध्यक्ष श्री प्रजापतिले भक्तपुर नगरपालिकाको घर जग्गा बहाल कर व्यवस्था गर्ने सम्बन्धी निर्देशिका, २०७९ सभामा पेश गर्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नु भयो र संयोजक सुवालले उक्त निर्देशिका सभामा पेश गर्नुभयो ।

५. सभा अध्यक्ष श्री प्रजापतिले विभिन्न निर्देशिका, कार्यविधि र ऐनमा गर्नुपर्ने संशोधन प्रस्ताव पेश गर्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नु भयो र संयोजक सुवालले संशोधन प्रस्ताव पेश गर्नुभयो ।

६. सभा अध्यक्ष श्री प्रजापतिले बैठक २० मिनेटको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

७. सभा अध्यक्ष प्रजापतिले बैठक पुनः संचालन गर्नु हुँदै“रकमान्तरण प्रस्तावमाथिको छलफलमा भाग लिन चाहने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो।

८. छलफलमा भाग लिनु हुँदै **सभासद श्री नारायण प्रसाद त्वानाबासु**ले कर्मचारी कल्याण कोषमा बजेट थप्नु पर्ने, भैपरी आउने शीर्षकको खर्च हुने नहुने प्रष्ट पार्नुपर्ने र खर्च नहुने शीर्षकमा रकमान्तरण गर्न नहुने विचार व्यक्त गर्नुभयो ।

९.**सभासद श्री गोविन्द दुवाल**ले छलफलमा भाग लिनु हुँदै अरनिको सभा भवनको बजेट, छुमा गणेश द्योछें पुनः निर्माण आयोजनामा रकमान्तरण गर्नुको कारण प्रष्ट पार्नुपर्ने, खानेपानी शीर्षकमा मुहान पोखरीको पानी सफा गर्न र मेलम्चीको पाइप लाइन बिछ्याउन बजेट छुट्याउनु पर्ने र (PID) को पाइप विछ्याउने कार्य भ.न.पा. ६ नं. क्षेत्रमा रोकिनुको कारण प्रष्ट पार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१०. सभा अध्यक्ष श्री प्रजापतिबाट  समय प्राप्त गरी बजेट तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीले रकमान्तरण प्रस्तावमा सभासदहरुले उठाउनु भएको विषयमा प्रष्ट पार्नुभयो ।

११. सभा अध्यक्ष श्री प्रजापतिले आ.व. २०७९/०८० को स्वीकृत बजेटको रकमान्तरण प्रस्ताव पारित गर्न सभामा पेश गर्नुभयो र सभाबाट सर्वसम्मतिले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

१२.सभा अध्यक्ष श्री प्रजापतिले **“भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरुलाई दिइने पोशाक सुविधा सम्बन्धी निर्देशिका, २०७९”** माथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

१३. सभा अध्यक्ष प्रजापतिले **“भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरुलाई दिइने पोशाक सुविधा सम्बन्धी निर्देशिका, २०७९”** पारित गर्न सभामा पेश गर्नुभयो र सभाबाट उक्त निर्देशिका सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

१४. सभा अध्यक्ष श्री प्रजापतिले **"भक्तपुर नगपालिका घर बहाल कर व्यवस्था गर्ने सम्बन्धी निर्देशिका, २०७९"** माथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

१५. सभा अध्यक्ष श्री प्रजापतिले **"भक्तपुर नगपालिका घर बहाल कर व्यवस्था गर्ने सम्बन्धी निर्देशिका, २०७९"** पारित गर्न सभामा पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त निर्देशिका पारित भएको घोषणा गर्नुभयो ।

१६. सभा अध्यक्ष श्री प्रजापतिले भक्तपुर नगरपालिकाको विभिन्न ऐन, निर्देशिका र कार्यविधिको संशोधन प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनु हुने सभाहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

१७. छलफलमा भाग लिनु हुँदै **सभासद श्री सिद्धिराम अवालले** काठ, झिंगटीको मूल्यमा अनुदान सम्बन्धी कार्यविधि लागू हुनुभन्दा अगाडि दिएको अनुदान यसै कार्यविधि अन्तर्गत हुनुपर्ने विषयमा स्पष्ट पार्नुपर्ने र शैक्षिक ऋण सम्बन्धमा अन्यको विषयमा स्पष्ट स्नातकभन्दा माथि उल्लेख भएको तर प्राविधिकहरुको सन्दर्भमा कार्यपालिकाले निर्णय गर्नुपर्ने विषयमा प्रष्ट पार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१८. **सभासद श्री नारायणप्रसाद त्वानाबासु**ले छलफलमा भाग लिनु हुँदै स्वास्थ्य उपचार अनुदान २० हजार पुऱ्याउनु पर्ने र दफा १.४.५ मा आ.व.२०७४।०७५ मा नक्सा पास भएकाहरुलाई नियमन गर्नुपर्ने विषयमा प्रष्ट पार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१९. सभा अध्यक्ष श्री प्रजापतिबाट समय प्राप्त गरी विधायन समितिका संयोजक श्री हरिराम सुवालले संशोधन प्रस्तावमाथिको छलफलमा भाग लिनु भएका सभासदहरुको जिज्ञासाबारे प्रष्ट पार्नुभयो ।

२०. सभा अध्यक्ष श्री प्रजापतिले कडा रोग लागेका नगरवासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी निर्देशिका, २०७५, काठ, ईटा र झिंगटी खरिद अनुदानसम्बन्धी कार्यविधि, २०७५, शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५, आदर निकेतन सेवा सम्बन्धी ऐन, २०७७, नक्सा पास सम्बन्धी

संक्षिप्त कार्यविधि, २०७४ र भक्तपुर नगरपालिका शिक्षा ऐन, २०७४ को संशोधन प्रस्ताव पारित गर्न सभामा पेश गर्नुभयो र सभाबाट सर्वसम्मतिले उक्त संशोधन प्रस्तावहरु पारित भएको घोषणा गर्नुभयो ।

२१. सभा अध्यक्ष श्री प्रजापतिले भक्तपुर नगरपालिकाको तेह्रौं नगर सभाको सबै बैठकहरुमा सक्रियतापूर्वक भाग लिनु भएकोमा सम्पूर्ण सभासदहरुलाई धन्यवाद ज्ञापन गर्दै तेह्रौं नगरसभा सम्पन्न भएको घोषणा गर्नुभयो ।